# गोरुबथान खण्डका तामाङ जातिमा प्रचलित मृत्यु संस्कार

- आशिष तामाङ
नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय।

**सार-** गोरुबथान खण्ड पश्चिम बङ्गाल राज्यको कालेबुङ जिल्लाअन्तर्गत कालेबुङ महकुमामा अवस्थित छ। यो कालेबुङ महकुमाको सबैभन्दा ठुलो खण्ड हो। तामाङ जातिको मृत्यु संस्कारबारे एकाधिक लेख प्रकाशित पाइन्छ तर ती लेखहरूमा गोरुबथान खण्डको तामाङ जातिमा प्रचलित मृत्यु संस्कारबारे आजपर्यन्त उल्लेख समेत भएको पाइँदैन। यसर्थ यस विषयमा अध्ययन गर्न आवश्यक देखिएको हो। गोरुबथान खण्ड ठुलो क्षेत्र भएकाले यस शोध पत्रमा गोरुबथान खण्डको निम ग्राम पञ्चायत अन्तर्गत निम बस्ती क्षेत्रका तामाङ जातिमा प्रचलित मृत्यु संस्कारबारे अध्ययन गरिएको छ। तामाङ जातिको परिचय, गोरुबथान खण्ड तथा निम बस्तीका भौगोलिक परिचय र निम बस्ती क्षेत्रका तामाङ जातिमा प्रचलित मृत्यु संस्कारको वर्णन यसमा गरिएको छ।

**बीज शब्द** – तामाङ, लामा, मुर्मी, निम बस्ती, रिमठिम (रीतिथिति)।

## १ तामाङ जातिको परिचय

तामाङ मङ्गोल समूहअन्तर्गत पर्ने एउटा जाति हो। भाषाको पारिवारिक वर्गीकरणअनुसार तामाङ जातिले चिनियाँ तिब्बती मूलको भोट बर्मेली भाषा बोल्दछन्।[१] 'तामाङ' तिब्बती भाषाको 'तांमाक' शब्दबाट व्युत्पन्न भएको आगन्तुक शब्द हो जसको अर्थ 'घोडचढी' वा 'घोडचढी सेना' भन्ने हुन्छ। तिब्बती भाषामा पैदल हिँड्ने सेनालाई 'कमक' र घोडचढी सेनालाई 'तांमाक' भनिन्छ।[२] ई सं ६४० मा नेपाल र तिब्बतमाझ युद्ध भएको र यस युद्धको अन्त्य यी दुईवटा राज्यबिच वैवाहिक सम्बन्ध जोडिएर भएको मानिन्छ।[३] तिब्बतको इतिहासअनुसार यस

---

[१] G.A. Grierson, 1909, **Linguistic survey of India**, Vol. iii, Part I, Calcutta, Superintendent of Government Printing, p. 189

[२] क सन्तवीर लामा 'पाख्रिन', ई सं २०१७, **ताम्बा कइतेन ह्लाई रिमठिम**, काठमाडौँ, रत्न पुस्तक भण्डार, पृ त

[३] R.C. Majumdar (Ed.), 1970, **The History and Culture of the Indian People**, Third Edition, The Classical Age, Bharatiya Vidya Bhavan, Mumbai, p. 86

युद्धमा तिब्बती राजा स्रोङ चङ गम्पोका साथ आएका केही 'तांमाक' (घोडचढी सेना)-हरू तिब्बत फर्केनन् र नेपालमा बसोबास गरे। नेपालमा बसोबास गर्ने यी 'तांमाक' (घोडचढी सेना)-हरू अपभ्रंश भएर तामाङ भएको हो भन्ने तिब्बतका विद्वान्हरूको धारणा पाइन्छ।[४] हर्बर्ट रिज्लेअनुसार 'अनेक प्रमाणका आधारमा तामाङहरू तिब्बती मूलका मानिस हुन्।'[५]

'तामाङ' शब्दको प्रथम प्रयोग एउटा जाति विशेषका अर्थमा तेह्रौँ शताब्दीमा राजा बुम्ल्डे म्गोन (राज्यकाल ई सं १२५३-ई सं १२८०) कालीन एउटा अभिलेखमा भएको पाइन्छ। नेपालमा गोर्खाली राज्य विस्तार भएपछि तामाङ शब्दको प्रयोगमा प्रतिबन्ध लगाइयो र तामाङ जातिलाई अनादरवाची शब्द 'भोटे' र 'मुर्मी' भनिन थालियो तर वि सं १९८९ साल ६ गतेका दिन त्यो प्रतिबन्ध एउटा अधिसूचना मार्फत फुकुवा गरिए[६] तापनि तामाङ जातिलाई नेपालतिर अझ पनि 'भोटे' भन्ने गरिएको पाइन्छ।[७] इतिहासकार तथा अनुसन्धानकर्ताहरूले तामाङलाई 'मुलमी' वा 'मुर्मी' पनि भनेका छन् जसको अर्थ 'सीमान्तवासी' हुन्छ भनिएको पाइन्छ। यसबाहेक तामाङहरूलाई 'इशाङ्ग' र 'सइन पनि भनिएको पाइन्छ।

तामाङहरू उत्तर भारतको हिमालय क्षेत्र तथा नेपालका अधिकांश भूभागमा छरिएर बसेको पाइन्छ। भारतमा विशेष गरी दार्जिलिङ, सिक्किम, आसाम, जलपाइगडी, देहरादुन आदि स्थानहरूमा तामाङहरूको बसोबास पाइन्छ। त्यसरी नै नेपालमा धेरैजसो तामाङहरू काठमाडौँ उपत्यकावरिपरिका सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, रसुवा, नुवाकोट, धादिङ आदि जिल्लामा बसोबास गरेको पाइन्छ।[८] तामाङ जातिको आफ्नै भाषा, लिपि, संस्कार संस्कृति, कुल पितृ, रीतिथिति, गीत सङ्गीत, नृत्य आदि रहेको पाइन्छ। बौद्ध धर्म मान्ने र तिब्बती संस्कृतिको धेरै

---

४ क सन्तवीर लामा 'पाख्रिन', **ताम्बा कइतेन ह्वाई रिमठिम**, पूर्ववत्, पृ त

५ जनकलाल शर्मा, वि सं २०७७, **हाम्रो समाज : एक अध्ययन**, पाँचौँ संस्करण, काठमाडौँ, साझा प्रकाशन, पृ ३१४

६ अमृत योन्जन तामाङ, अप्रिल १९९९, 'तामाङ भाषा, यसको अवस्था र भाषिक योजना', पवन चामलिङ 'किरण'(सम्पा), **निर्माण**, संस्कृति विशेषाङ्क, वर्ष १९, अङ्क ३४, दक्षिण सिक्किम, निर्माण प्रकाशन, पृ २९७, २९८

७ कुमार, प्रधान, वि सं २०६६, **पहिलो प्रहर**, दोस्रो संस्करण, काठमाडौँ, साझा प्रकाशन, पृ ४

८ जनकलाल शर्मा, **हाम्रो समाज : एक अध्ययन**, पूर्ववत्, पृ ३१४

प्रभाव रहेको तामाङ जातिको प्रसिद्ध लोकवाद्य ‘डम्फु’ हो। नेपाली समाजमा प्रचलित ‘तामाङ सेलो’ भनिने प्रसिद्ध लोकलय डम्फुका तालमा निस्केको तामाङ जतिको लोकगीत हो।

## २ गोरुबथान खण्डको भौगोलिक परिचय

गोरुबथान खण्ड पश्चिम बङ्गाल राज्यको कालेबुङ जिल्लाअन्तर्गत कालेबुङ महकुमामा अवस्थित छ। यस खण्डको क्षेत्रफल ४४२.७२ वर्ग किलोमिटर रहेको छ र क्षेत्रफलका आधारमा यो कालेबुङ महकुमाको सबैभन्दा ठुलो खण्ड हो। २६° ५७' २१.७" उत्तरी अक्षांश र ८८° ४१' ४९.४" पूर्वी देशान्तरमा अवस्थित यस खण्डको पूर्वतर्फ छिमेकी देश भुटान, उत्तरतर्फ सिक्किम अनि रचेला पहाडको घनघोर जङ्गल, पश्चिमतर्फ कालेबुङ खण्ड १ अनि २ र दक्षिणतर्फ जलपाइगडी जिल्ला पर्दछन्। यस खण्डमा नेपाली, लाप्चे, भोटे, सादरी, बङ्गला, हिन्दी आदि भाषा बोलिन्छ। ई सं २०११ को जन गणनाअनुसार गोरुबथान खण्डको कुल जनसङ्ख्या ६०,२८२ रहेको छ। यस खण्डअन्तर्गत क्रमैले गोरुबथान-१, गोरुबथान-२, निम, दालिम, आले, पोख्रेबुङ, सामसिङ, कुमाई, रङ्गु, पातेनगोदक र तोदे ताङ्ता गरी जम्मा ११ वटा ग्राम पञ्चायत छन्।[९] गोरुबथान खण्ड ठुलो क्षेत्र भएकाले यस शोध पत्रमा निम बस्ती क्षेत्रका तामाङ जातिमा प्रचलित मृत्यु संस्कारबारे अध्ययन गरिएको छ।

## ३ निम बस्तीको भौगोलिक परिचय

निम बस्ती गोरुबथान खण्डको निम ग्राम पञ्चायतअन्तर्गत पर्छ। यो कालेबुङदेखि ५० किलोमिटर टाढा अनि गोरुबथानदेखि ११ किलोमिटर टाढा अवस्थित छ। यस क्षेत्रमा तामाङबाहेक बाहुन, छेत्री, राई, लिम्बू, मगर, लेप्चा, भुजेल, गुरुङ, सुनुवार आदि जातका मानिसहरू बस्छन्। ई सं २०११ को जन गणनाअनुसार निम बस्तीको कुल जनसङ्ख्या १५१२ रहेको छ, जसमा ६९.४% जनसङ्ख्या तामाङहरूको रहेको पाइन्छ।[१०] निम बस्तीअन्तर्गत

[९] २८.०४.२०२२ का दिन गोरुबथान खण्ड कार्यालयबाट प्राप्त तथ्याङ्क अनुसार

[१०] निम ग्राम पञ्चायत कार्यालयबाट प्राप्त २०११ को सेन्सस रिपोर्टका आधारमा

मन्डल गाउँ, गैरी गाउँ, राई गाउँ, लेप्चा गाउँ, झाँक्री गाउँ, लामा गाउँ र गुम्बा गाउँ गरी जम्मा सातवटा गाउँ पर्दछन्। यी गाउँमा जम्मा ३५० वटा घर अथवा परिवारहरू रहेका छन्।[११]

## ४ निम बस्ती क्षेत्रका तामाङ जातिमा प्रचलित मृत्यु संस्कार

गोरुबथान खण्डमा नेपाली समाजका विभिन्न जातजाति तथा धर्म मान्ने मानिसहरू बसोबास गर्छन्। नेपाली समाजका अन्य जातजातिमा प्रचलित मृत्यु संस्कार जस्तै तामाङ जातिको पनि आफ्नै मृत्यु संस्कार छ। यस जातिमा मृत्यु संस्कारलाई मुख्यतः दुई प्रकार वा विधिद्वारा सम्पन्न गरिन्छ। ती हुन्- 'दाह संस्कार' र 'अन्त्येष्टि कार्य' वा 'घेवा'। निम बस्तीका तामाङ 'ह्युलबा' (समाज)-मा अन्तिम संस्कार वा दाह संस्कार मृत्यु भएको दुई वा तीन दिनभित्र गरिने चलन रहेको पाइन्छ। तामाङहरूले यस कार्यलाई 'फुङ्पो सेग्सोल' (दाह संस्कार) पनि भन्ने गर्दछन्। त्यसरी नै यस क्षेत्रका तामाङ समाजमा दाह संस्कार वा फुङ्पो सेग्सोल गरिएको सात दिन, चौध दिन, एक्काइस दिन, अठाइस दिन तथा उनन्चास दिनमा अन्त्येष्टि क्रिया वा घेवा गरिने चलन रहेको पाइन्छ। निम बस्ती क्षेत्रमा बसोबास गर्ने तामाङहरूले अन्य स्थानका तामाङ जातिले जस्तै पालन गर्ने जातीय संस्कार-संस्कृतिहरू पालन गर्दै आए पनि कतिपय 'रिमठिम' (रीतिथिति)-हरू भने आफ्नै किसिमको रहेको पाइन्छ। त्यसैले यस क्षेत्रमा प्रचलित कतिपय रिमठिमहरू अन्य क्षेत्र वा ह्युलबामा रहेका तामाङहरूको रिमठिमसँग नमिल्न पनि सक्छ। यस शोधपत्रमा माथि उल्लेख गरिएका अन्तिम संस्कार वा फुङ्पो सेग्सोल र अन्त्येष्टि कार्य वा घेवाबारे चर्चा परिचर्चा गरिएको छ।

### ४.१ दाह संस्कार वा फुङ्पो सेग्सोल

बौद्ध धर्ममा मृत्यु संस्कारलाई जीवनकै महत्त्वपूर्ण पूजाका रूपमा स्वीकार गरिएको छ। त्यसैले परिवारका कुनै सदस्यको मृत्यपछि सम्पूर्ण परिवार, शाखा सन्तान, आफ्नो आफन्तहरूले नुन, तेल, मासु इत्यादि कुरा खाँदैनन्। यसलाई निम बस्तीका तामाङहरूले छाक बसेको पनि भन्छन्। त्यसैले अन्तिम संस्कार सकेपछि डोवा (चोखिने कार्य) गरीवरी मात्र यी कुराहरू खान्छन्। निम बस्ती लगायत सम्पूर्ण क्षेत्रका तामाङ जाति बौद्ध धर्मावलम्बीहरूमा अन्तिम संस्कार वा फुङ्पो

---

[११] १३.११.२०२१ मा निम बस्ती निवासी नान्डुप लेप्चा (निम ग्राम पञ्चायत कर्मचारी)-सित लिइएको अन्तर्वार्ताबाट

सेम्सोललाई विभिन्न कार्य वा पूजामा विभाजन गरी गरिने चलन रहेको पाइन्छ। लामा म्हेम्हेद्वारा सम्पन्न गरिने पूजाका आधारमा ती कार्यहरूलाई निम्न प्रकारले वर्गीकरण गर्न सकिन्छ-

### ४.१.१ फोव गरिने कार्य वा पूजा

सर्वप्रथम मुत्यु भएको घरमा लामालाई स्यालगर (निम्तो) गरेर बोलाइन्छ। लामाले उक्त स्यालगर स्विकारेपछि मृतकका घरमा गई सर्वप्रथम 'फोव' गर्दछ। लामा परम्पराअनुसार मानिसको मृत्यु भएपछि गरिने पहिलो कार्य वा पूजा 'फोव' हो । बौद्ध दर्शनअनुसार पञ्चतत्त्वद्वारा निर्मित मानव शरीर मृत्युपछि त्यसै पञ्चतत्त्वमा विलीन भएर जान्छ। त्यसैले यो भौतिक शरीर नष्ट भएर जान अघि नै मृतकका आत्मालाई सुखवती स्वर्गमा पठाइने लोकविश्वास बैद्ध धर्मावलम्बीहरूमा रहेको पाइन्छ। यसरी मृतकको 'नाम्से' (आत्मा)-लाई ब्रह्मद्वार (सिर वा टुप्पी)-बाट निकाली ब्रह्म लोकमा पठाउने कार्यलाई फोव भनिन्छ।[१२] तामाङ समाजमा यस कार्यलाई 'सोल्देप' पनि भनिन्छ। मृतकको फोव गर्नु सरल नभएर कठिन कार्य हो, यसका निम्ति दक्ष लामाको आवश्यकता पर्ने हुन्छ। साधारण वा उचित ज्ञान नभएका लामाहरूले फोवको कार्य गर्दैनन्। यस कार्यका निम्ति विशेष शिक्षा लिएको साथै योग साधनाको अभ्यास भएको ङाप्पा लामा (प्रधान पुरोहित/तान्त्रिक गुरु)-को आवश्यकता पर्ने हुन्छ।

### ४.१.२ चि हेर्ने कार्य

फोवा गरेपछि मृतकका शरीरलाई केसर र कपुर पानीले धोई पखाली शुद्ध पार्ने कार्य गरिन्छ। यति गरेपछि 'नाम्सा' (कात्रो) माथि सात डाँख्ला तितेपाती ओछ्याइन्छ अनि त्यसमाथि मृतकलाई पद्मासन मुद्रामा 'नाम्सा' (कात्रो)-ले बेह्रेएर राखिन्छ। यस क्षेत्रमा मृतक लामा (पुरोहित) हो भने पहेँलो अथवा रातो रङको कात्रो र साधारण व्यक्ति हो भने सेतो रङको कात्रोले बेह्रेएर राखिने चलन छ। कात्रो दिएपछि पञ्च बुद्धको आशिर्वादका निम्ति शिरमा 'ह्ङा चकली' (पञ्च बुद्धको तस्बिर) बाँधेर राखिन्छ। त्यसका साथै मृतकका छेउमा एक मानु चामल, एउटा छिमी (दीयो आकारको दीपदानी) अनि खुकुरी राखिन्छ। त्यसपछि भने 'लामा म्हेम्हे' (पुरोहित)-हरूले अन्तिम संस्कारको कार्य सुरु गर्दछन्। निम बस्तीका तामाङ समाजअन्तर्गत कुनै पनि परिवारका सदस्यको मृत्यु भए अन्तिम संस्कारको पाठपूजा सुरु गर्न अघि लामा लोपेन (प्रधान पुरोहित)-ले

---

[१२] १३.११.२०२१ मा निम बस्ती निवासी अमित लामा (प्रधान पुरोहित)-सित लिइएको अन्तर्वार्ताबाट

चि हेर्ने प्रचलन छ। 'चि' भनेको जोखाना हो। 'चि' मृतकको नाम, ल्हो (वर्ग), खाम, उमेर र मृत्यु भएको समयका आधारमा हेरिन्छ। 'चि'-मा निक्लिएको दिन वा बार, समय, दिशा आदि कुरालाई ध्यानमा राखी अन्तिम संस्कार गरिन्छ। मृतकको आत्मा कुन भगवान्को शरणमा पुगेको छ भन्ने कुराको निधो पनि 'चि' हेरेर गरिन्छ। 'चि' हेरेर लामाले निम्न कुराहरू थाहा गर्दछन्।

- घरबाट शव निकाल्ने साइत।
- कुन कुन ल्हो (वर्ग) र खाम भएकाहरूले शव छुनु हुन्छ अनि कुन कुनले हुँदैन।
- मृतकको आत्मा शान्तिका निम्ति कुन पूजा गरिनुपर्ने।
- मृतकको आत्मा घर, आफन्त, सरसामन, रुपियाँ पैसा, धनसम्पत्ति तथा घरका कुन कुन वस्तुमा अडेर वा लोभिएर बसेको छ। यदि बसेको छ भने मृतकका आत्मालाई ती वस्तु आदिबाट हटाउन कुन पूजा गरिनुपर्ने त्यसको निधो गरिन्छ।
- मृतकको अर्को जन्म कहाँ हुनेछ, त्यसका निम्ति कुन पूजा तथा दान गर्नु।

### ४.१.३ मृतकलाई खाना दिने वा सुर लगाउने कार्य

सम्पूर्ण तामाङ ह्युलबामा प्रचलित ठिम हो मृतकलाई खाना दिने वा सुर लगाउने कार्य। यस किसिमको  कार्य निम बस्ती क्षेत्रमा पनि गरिन्छ। मृतकका परिवारले मानिस जीवित रहँदा खाने खाना मृतकलाई चढाए पनि मृतकले उक्त खाना खान नसक्ने लामाहरूको भनाइ रहेको पाइन्छ। त्यसैले लामा धर्मगुरुहरूले विशेष मन्त्रोचारणसँग मृतकका निम्ति सुर लगाउने गर्छन्। बौद्ध धर्मअनुसार 'मान्छेका मृत्युपछि आत्माले भौतिक शरीर छाडेर जान्छ। आत्माले छाडेको भौतिक शरीर र भौतिक संसारसित आत्माको कुनै प्रकारको सम्बन्ध नरहने हुँदा कुनै पनि भौतिक कुराहरू ग्रहण गर्न सक्दैनन्। त्यसैले चम्बा (विशेष प्रकारको पिठो), घिउ, मह, चिनी, दुध आदिबाट सुर बनाइन्छ। सुरसँग पाँच रङको लुगा तथा मन्त्र पनि आगामा जलाइन्छ। यी चिज जल्दा निस्केको सुवासनाबाट मृतकले आफ्नो भोक प्यास मेटिन्छ भन्ने विश्वास रहेको हुँदा सुर लगाउने गरिन्छ।'[१३] यो कार्य अन्तिम संस्कार वा दाह संस्कारका दिनसम्म मात्र नगरेर घेवासम्म गरिने प्रचलन रहेको पाइन्छ। यस्तो स्थितिमा कुनै कुनै घरमा प्रत्येक दिनको सुर लामा म्हेम्हेद्वारा लगाइन्छ भने लामा उपस्थित नभएको खण्डमा उक्त कार्य जुवाइँद्वारा पनि सम्पन्न गरिन्छ।

[१३] १३.११.२०२१ मा निम बस्ती निवासी अमित लामा (प्रधान पुरोहित) सित लिइएको अन्तर्वार्ताबाट

### ४.१.४ सा लाङ्सी (भूमि पूजा वा भूमि माग्ने कार्य)

निम बस्तीका तामाङहरूले मृतकका शरीरलाई आफ्नै जमिनमा जलाउने वा फुङ्पो सेग्सोल गर्ने चलन रहेको देखिन्छ। तामाङ बौद्ध परम्पराअनुसार फुङ्पो सेग्सोल गर्दा भूमि माग्ने परम्परा छ। यस किसिमको परम्परा निम बस्तीमा पनि रहेको पाइन्छ। निम बस्तीमा भूमि पूजा लास जलाउने दिन बिहान 'थाप' (सोला) बनाउन अघि गरिन्छ। 'धोर्जे लोपेन' (प्रधान पुरोहित) सहित केही लामाहरू लास जलाउने ठाउँमा गएर भूमि पूजा वा धर्ती माग्ने कार्य वा पाठ गर्छन् भने रहल लामाहरू मृतकका घरमा बसेर सर्वमङ्गलको पाठ गर्छन्। भूमि पूजा गर्दा 'धोर्जे लोपेन' (प्रधान पुरोहित)-ले 'थाप' (सोला) बनाउनु पर्ने ठाउँमा सानो खाल्डो खन्ने चलन रहेको पाइन्छ। खनेका खाडलमा एक मानो चामल, एक रुपियाँ पैसा, दही, मिठाइ आदि 'सेर्ग्येन्' (पूजा) गरेर चढाइन्छ। विशेष गरी यस पूजामा धर्तीमाताको पूजा गरी शव जलाउने कार्यका निम्ति अनुमति लिने गरिन्छ। त्यसपछि खाल्डो खनिएको स्थानलाई केन्द्र बनाएर सोलाको निर्माण गरिन्छ। कतिपय ठाउँमा भूमि माग्ने कार्य लामा नभए ताम्बाले पनि गर्दछ। कतिपय तामाङ समाजमा दाउरालाई तेर्सो राखेर छ तलाको चारकुने सोला बनाउने चलन पाइन्छ[१४] तर निम बस्तीमा दाउरालाई ठाडो राखेर सोला बनाउने चलन पाइन्छ।

लास जलाउने दिन बिहानदेखि मृतकका घरमा लामाहरूद्वारा सर्वमङ्गलको पाठ गरिन्छ। भूमि पूजा समाप्त भएपछि भूमि पूजा गर्ने लामाहरू मृतकका घरमा आई सर्वमङ्गलको पाठ गर्ने लामाहरूसँग सहभागी हुन्छन्। लासलाई 'चि'-मा निस्केको साइतमा निकाल्नु पर्ने हुँदा यो पूजा साइत नआएसम्म गरिन्छ। लास निकाल्ने साइत आएपछि लासलाई डुम (अरथी) भित्र हालेर विभिन्न प्रकारका बौद्ध बाजाहरू डिल्बु (घण्टी), डमरु, रोल्मो (झ्याम्टा), ग्यालिङ (सहनाई जस्तो हुने बाजा), ङा (ढ्याङ्ग्रो), लाभा, ढुँकार (शङ्ख) इत्यादि बजाउँदै घरदेखि बाहिर निकालिन्छ र आँगनमा टेबलमाथि राखिन्छ। डुम राखिएको टेबुलमनि 'झङ्गु' (ओदान) राखिन्छ र ओदानमाथि तिल, जौ, दुध र पानी हालेर भरी पारेको तामाको भाँडो राखिने दस्तुर छ।

---

[१४] गंगाप्रसाद भट्टराई, 'तामाङ जातिमा अन्तिम संस्कार पद्धति : घेवा', पूर्ववत्, पृ ६४४

### ४.१.५ टाँसीको पूजा

टाँसीको पूजा अन्तिम संस्कार वा दाह संस्कारका निम्ति मृतकका शरीरलाई घरबाट लान अघि गरिने पूजा हो। यो पूजा मृतकको नभएर घरको सहका निम्ति गरिने पूजा पनि हो। विशेष गरी मृतकका शरीरसँग घरको 'याङ' (सह), कसैको सातो तथा आयु नजाओस् भनी उक्त पाठ गरिन्छ। यो पूजा गर्दा मृत शरीर राखिएको डुम (अरथी)-लाई आँगनमा टेबलमाथि राखिएको हुन्छ। त्यसपछि लामा म्हेम्हेहरूले 'टाँसीको पूजा' गर्छ। सम्पूर्ण मलामीहरू हातमा 'अक्षता' (चामल), धूप, फुल, खादा आदि लिएर उभिन्छन्। पूजा वा पाठका अन्तमा सम्पूर्ण मलामीहरूले पनि लामा म्हेम्हेहरूसँग माणी मोलम जप्दै हातको अक्षता 'मेन्डल' (याङ वा सहका निम्ति बनाएको तीन तले भाँडो जसमा चामल, पैसा, बत्ती, फुल र एक ग्लास दुध राखिएको हुन्छ) तिर छर्छन्। टाँसीको पूजापाठको अन्ततिर घर परिवारले 'धाँधार' (पाँच रङको झन्डा), बुम्बा (कलस जस्तो हुने भाँडो) र मेन्डल हातमा लिएर शवलाई तीनपल्ट परिक्रम गर्छ। टाँसीको पूजा सकिएपछि उक्त धाँधार, बुम्बा र मेन्डललाई घरका मान्छेले लासेम कोठामा लगेर राख्छन्। त्यसपछि शवलाई दाह संस्कारका निम्ति सोला बनाएको स्थानमा लाने कार्य आरम्भ हुन्छ। शव यात्रामा सबैभन्दा अघि शिव खोर्लो बोकेर एकजना मान्छे हिँड्छन्, उनको पछिपछि एउटा सेतो धजा बोक्ने हिँड्छन् अनि त्यसपछि मूल लामा डुममा बाँधिएको 'ल्हामतेन' (खादा गाँसेर बनाइएको लामो डोरी) तान्दै मन्त्रोच्चारणसँग अघि बढ्छन्। अन्य लामाहरू विभिन्न प्रकारका बौद्ध बाजाहरू डिल्बु (घण्टी), डमरु, रोल्मो (झ्याम्टा), ग्यालिङ (सनई जस्तो हुने बाजा), ङा (ढ्याङ्ग्रो), लाभा, ढुँकार (शङ्ख) इत्यादि बजाउँदै एक लस्करमा हिँड्छन्। उनीहरूलाई पछ्याउँदै सम्पूर्ण 'कोयल' (मलामी)-हरू माणी मोलम (प्रार्थना) गर्दै त्यहाँबाट प्रस्थान गर्छन्।

जलाउने ठाउँमा पुगेपछि लामा म्हेम्हे र मलामीद्वारा मृतकका शवलाई तीनपल्ट सोलाको परिक्रमा गराई सोलामाथि राखिन्छ। शवलाई सोलामा राख्दा 'चि'-मा निस्केको दिशातर्फ फर्काएर राखिने दस्तुर छ।

### ४.१.६ आगो दिने कार्य वा पूजा

लासलाई सोलामाथि राखेपछि लामा म्हेम्हेद्वारा 'झिन्से' (आगो दिने पाठ) गरिन्छ। यो पाठ तीनपल्ट दोहोऱ्याएर पढिन्छ। 'झिन्से'-को पाठ पढिसकेपछि सर्वप्रथम मूल लामाले शवलाई अगाडि दिशाबाट आगो दिन्छन् र त्यसपछि मृतकको जुवाइँ तथा आफन्ताले अन्य दिशाबाट

दिन्छन्। यस क्षेत्रमा छोराले आगो दिने चलन छैन। तामाङ जातिको अन्तिम संस्कारमा शव मात्र जलाउने कार्य मात्र हुँदैन। हवन कुण्डमा झैं विभिन्न प्रकारका 'जे' (चरू)-हरू जलिरहेको सोलामा विभिन्न प्रकारका पाठ पूजा गर्दै विधिवत् रूपमा लगाउने गरिन्छ जसमा दुध, घिउ, मह, चिनी, चामल, मकै, कालो तथा पहेँलो तोरी, मटर, भटमास, बेल, सेतो तथा रातो चन्दन, डल्लो सुपारी, नरिवल जस्ता विभिन्न प्रकारका अन्न तथा सरसामानहरू हुन्छन्। मानव शरीर पञ्च तत्त्वद्वारा निर्माण भएको हुनाले मृतकका शरीरलाई पनि हवनको सामग्रीका रूपमा स्विकारेर उक्त मृतक शरीरको पनि हवन गरिएको हो भन्ने लोकविश्वास निम बस्तीका तामाङ सामजमा रहेको पाइन्छ।

हिन्दु धर्ममा झैं तामाङ बौद्ध समाजमा मृतकलाई दाग बत्ती दिने तथा अन्तिम संस्कार वा फुङ्पो सेग्सोल गरेकै स्थानमा मृतकको सन्तान अनि छोराहरूले केश खौरने दस्तुर प्रचलित रहेको पाइए[१५] तापनि निम बस्तीका तामाङ समाजमा यस प्रकारको दस्तुर हाल प्रचलनमा रहेको पाइँदैन। निम बस्तीमा कपाल खौरने दस्तुर ई सं १९९० सम्म प्रचलनमा रहेको थियो।[१६] हिन्दु धर्ममा झैं कोरा नबसे पनि मृत परिवारका सदस्य एवम् छोरा छोरीहरूले मनोरञ्जनका साधन वा सामग्रीहरू घेवासम्म त्याग गर्छन्। कतिले उनन्चास दिनसम्म यस्तो रीति पालन गरेको पनि देख्न पाइन्छ।

**४.१.७ ङोवा वा चोखिने कार्य**

विशेष गरी तामाङ जातिमा घरका कुनै पनि सदस्यको मृत्यु भए त्यसै समयदेखि परिवार र सन्तानहरूले नुन, तेल खान छाड्छन्। यसलाई निम बस्तीका तामाङ समाजमा 'जुठो बारेको' पनि भनिन्छ। यस किसिमको जुठो बार्ने क्रिया दाह संस्कार वा फुङ्पो सेग्सोल गरेको भोलिपल्टसम्म गरिन्छ। मृतकको दाह संस्कार गरेको भोलिपल्ट बिहानै लामा म्हेम्हेद्वारा पूजा गरी मृतकको 'रुइबा' (अस्तु) निकालिन्छ अनि त्यस स्थानमा चिहान बनाइन्छ। त्यसपछि भने ङोवाको पूजा गरिन्छ। जुन पूजामा जुठो बारेर बसेका सम्पूर्णलाई लामा म्हेम्हेद्वारा 'बज्र सत्व सम्य'-को पूजा वा मन्त्र गरी नुन तेल दिएर चोखिने वा जुठो फुकाउने कार्य गर्छ। त्यस चोखिने कार्यलाई तामाङहरूले 'श्यार्कुतिङ' पनि भन्दछन्।[१७]

---

[१५] गंगाप्रसाद भट्टराई, 'तामाङ जातिमा अन्तिम संस्कार पद्धति : घेवा', पूर्ववत्, पृ ६४५, ६४७

[१६] १०.०५.२०२२ मा निम बस्ती निवासी अनन्त तामाङ (ताम्बा) सित लिएको अन्तर्वार्ताबाट

[१७] परशुराम तामाङ, वि सं २०५१, **तामाङ जाति**, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ १५२

नुन तेल खाने वा चोखिने कार्यको समापन पछि ‘रुइबा’-को पूजा सुरु हुन्छ। यस पूजामा विशेष गरी मृतकका रुइबालाई एउटा बाकसभित्र राखिन्छ। त्यस बाकसमा रुइबासँगै मृतकका प्रिय वस्तु वा समानहरू राख्ने चलन निम बस्तीमा रहेको पाइन्छ। उक्त रुइबा राखिएको बाकसलाई घरभित्र लासेम (पूजा कोठा)-मा विधिपूर्वक राखिएपछि लामा म्हेम्हेले मृतकलाई ‘घुक्सले कादेम्बा (वचनले बाँधेर)’ गरी ‘आजदेखि यहीँ ठाउँमा बस्नु अन्त कहीँ पनि नजानू’[१८] भनेर जीवित रूपलाई झैँ आदेश दिएर राख्ने कार्य गरिन्छ। त्यसपछि त्यस दिनदेखि घेवा नगरुन्जेल घर परिवारले त्यस रुइबालाई जीवित मानिसलाई जस्तै बिहान बेलुका दैनिक रूपमा धूप, बत्ती, खाना, पानी (घरकाहरूले जे खान्छन् त्यही) चढाउने वा दिने कार्य गर्दछन्।

यो डोवा वा चोखिने कार्य विशेष गरी मृत्यु भएको तीन दिन वा फुङ्पो सेग्सोल गरेको भोलिपल्ट गरिने हुन्छ। टाढा देश परदेशमा मृत्यु भए चार दिन पाँच दिनपछि पनि गरिन्छ।

## ४.२ अन्त्येष्टि कार्य वा घेवा

बौद्ध परम्परा अनुसार घेवाको सोझो सम्बन्ध आत्मासँग हुने गर्दछ। मानव शरीर मरेर गए तापनि आत्मा कहिल्यै मर्दैन, न त यो कहिले नष्ट नै हुन्छ। यसले विभिन्न शरीर धारण गर्दछ भन्ने बौद्ध दर्शनको मान्यता पाइन्छ। त्यसैले बौद्ध धर्मावलम्बी तामाङहरूले घेवा वा अन्त्येष्टि कार्यलाई विशिष्ट पूजाका रूपमा ग्रहण गरेको पाइन्छ। निम बस्ती क्षेत्रमा घेवा कार्य प्राय: चौध दिनमा गर्ने गरिन्छ। कतिले एक्काइस वा उनन्चास दिनमा पनि गर्ने गर्छ। कतिले घेवा कार्यको सम्पूर्ण पूजा घरभित्र नै गर्ने गर्छन् भने कतिले घरबाहिर आँगनमा ‘डाजङ’ (सजाएर बनाइएको पूजा गर्ने ठाउँ) बनाएर पनि गर्ने गर्छन्।

निम बस्तीका तामाङहरूमा घेवा कार्य तीन दिने (गेपा) वा एक राते (धुइपा) गर्ने चलन रहेको पाइन्छ। तीन दिने घेवामा पहिलो दिन लामा म्हेम्हेद्वारा मृतकका घरमा पाठहरू पढ्छन् र मृतकका आत्मालाई बोलाएर खाना चढाइन्छ। यस कार्यलाई ‘सिव डेन्सी’ भनिन्छ। दोस्रो दिन तोर्मा बनाउने कार्य भएपछि लामा म्हेम्हेहरूले पाठ गरेर ‘घुर’ (मृतकका स्वरूपमा बनाइएको पुतला)-लाई ‘लासेम’ (पूजा कोठा)-बाट ‘डाजाङ’ (घरको आँगनमा पूजा गर्नाका निम्ति बनाइएको मन्डप)-मा लगेर राखिन्छ। यसरी डाजङमा लाने कार्य दाह संस्कार गर्दा जसरी शव

[१८] १०.०५.२०२२ का दिन निम बस्ती निवासी अनन्त तामाङ (ताम्बा)-सित लिइएको अन्तर्वार्ताबाट

घरबाट बाहिर निकालिएको थियो त्यसरी नै गर्नु पर्ने हुन्छ। 'घुर'-लाई डाजङमा राखेपछि खाना चढाउने कार्य गरिँदछ। तेस्रो दिन बत्ती बाली 'सीवा ङोवा लाछो' (शान्ति र रिसको देवता)-को पूजा गरिँदछ। तेस्रो दिनको पूजा वा कार्यमा मृतकलाई खाना दिने, थुन्दा सोर्सा (बिदा दिने) र मिनज्याङ जलाउने कार्य गरिन्छ।

निम बस्तीमा सम्पूर्ण घेवा कार्य सम्पन्न गर्नाका निम्ति त्यहाँका तामाङ समाजले विभिन्न व्यक्तिहरूलाई विभिन्न कार्यहरू सुम्पिने गर्दछ। ती यस प्रकार रहेका छन्- लामा लोपेन (पुरोहित), ताम्बा (पुर्ख्यौली रीतिथिति वा परम्परा जान्ने माननीय व्यक्ति), गान्बा (बूढो माननीय व्यक्ति वा भलापञ्च), बोन्बो (झाँक्री), कौङ्ग्युर (पूजाको विधि मिलाउने), लाइबा (भान्साको काम गर्ने), कटौके (सम्पूर्ण कार्यको चाँजो मिलाउने), छ्याङबा स्या (चिया पानी वा मदपान हेर्ने), छ्याबा (दाउरा पानीको अभिभारा लिने) आदि। यी सम्पूर्ण मानिसहरूको सहभागिता अनि लामा र ताम्बाका निर्देशनमा घेवा कार्य सम्पन्न हुँदछ। तामाङ जातिको घेवा तीन दिने वा एक राते जुनै किसिमको भए तापनि 'थुन्दा सोर्सी' र 'मिनज्याङ' जलाउने कार्य भने महत्त्वपूर्ण हुँदछ जसलाई यहाँ सङ्क्षिप्तमा प्रस्तुत गरिएको छ।

### ४.२.१ थुन्दा सोर्सी

तामाङको घेवाको एउटा महत्त्वपूर्ण अङ्ग थुन्दा सोर्सी हो। यसमा मृतकका कुल कुटुम्ब, इष्टमित्रहरूले माना चामल र पैसा दिएर मृतकलाई बिदाइ गर्दछन्। यो घेवाको अन्ततिर गरिन्छ। थुन्दा सोर्सीको कार्य लामाले नगरी ताम्बाद्वारा सम्पन्न गरिन्छ। यसलाई 'तम्बा ताम' (ताम्बाको कुरा) पनि भनिन्छ।[१९] थुन्दा सोर्सी गर्दा 'म्हा' (जुवाइँ) र ताम्बाको ठुलो भूमिका हुन्छ। घेवा (थुन्दा सोर्सी तथा मिनज्याङ जलाउने कार्य) कार्यमा 'छ्योइ ठिम' (धर्म विधि वा रीति) र 'ह्युल ठिम' (गाउँको रीति) दुवैका मिश्रण पाइने हुँदा यसबाट तामाङको धर्ममा बौद्ध लामावाद र बोनवादको कलात्मक सम्मिश्रण रहेको देखिन्छ। थुन्दा सोर्सी गर्दा मृतकका लुगाद्वारा पुतला बनाइन्छ र त्यसलाई तामाको भाँडामा राखिन्छ। त्यसलाई 'घुर' भनिन्छ। त्यस घुरको गोजी (छात्तीको छेउ)-मा मृतकको रुइबा राखिन्छ। थुन्दा सोर्सी गर्दा डाजाङमा राखिएको घुरअघि ताम्बाले तामाको थाल लिएर उभिन्छ। त्यहाँ एक एक गरेर कुलकुटुम्बका सदस्य तथा इष्टमित्र चामल पैसा लिएर जान्छन् र ताम्बाका हातमा भएको तामाका थालमा चामल र पैसा चढाउँछन्। मृतकलाई कुनै

[१९] १०.०५.२०२२ मा निम बस्ती निवासी अनन्त तामाङ (ताम्बा)-सित लिइएको अन्तर्वार्ताबाट

कुराको अभाव नहोस् भनेर घरका सदस्यले यो दान दुईचोटि चढाउँछन्। त्यसपछि ताम्बाले तामाङ भाषामा यसो भन्छन्-

'आइ सिबा डोसि लासि नाम चै आइला थुन्दा सोर्सी बिसि लामी नाम
आइला धिम मोगोसे आइला चाङ, माम, आखे, मेमे
आइला छाया, छोया, बोरिङ, आसेङ, आङी धिमाल मोगोसे
आइला धेवा चेन थार्सी बिसी नाम्से चु मेन्डल फुलसि बिसी नाम्से
आइ स्यार स्यार ग्याम निबा बिसी नाम्से
आइ स्याब धेरजे सिमबाला मेन्डल फुलछिलो
लो झम्बलिङ निभा बिसी नाम्से लो रिङछेन जिङ्नेला मेन्डल फुलो
नुप डेवा निभा बिसी नाम्से साङ्गे होपा मेला मेन्डल फुलछिलो
झ्याङ झम्बुलिङ निभा बिसी नाम्से स्याङ डोवा डेन्ला मेन्डल फुलो
आइ देवा चेन 'ॐ मनि पद्मे हूँ' मलम ताङ्बा बिसी नाम
आइ देवा चेन थार्सीलो  आइ सेम्ला डुङाल आला सेइ
मिली ला केवा चुस्पै हो बिसी नाम्से
आइ सिम्री सङ्गे होपामे गोम सिलो डेवा चेन थार्सीलो
आइ (मृतकको नाम) थुन्दा सोर्सी लाबान् मोला लासो फ्याफुल्लो'[२०]

अर्थात् 'तपाईँको मृत्यु भएको कारणले तपाईँलाई परिवारबाट बिदा दिइरहेका छौँ। तपाईँका परिवारबाट तपाईँलाई बुहारी, बज्यू, बाजे, नाति नातिनी, छोरी, मामा, माइज्यू, सबैले तपाईँलाई देवलोक जानाका निम्ति यो मेन्डल चढाइरहेका छन्। तपाईँ पूर्व दिशा जानुभयो भने पूर्वका देवतालाई यो मेन्डल चढाउनु होस्। दक्षिण दिशा जानुभयो भने दक्षिणको देवतालाई यो मेन्डल चढाउनु होस्। पश्चिम दिशा जानुभयो भने पश्चिमको देवतालाई यो मेन्डल चढाउनु होस्। उत्तर दिशा जानुभयो भने उत्तरका देवतालाई यो मेन्डल चढाउनु होस्। तपाईँ अमर लोकमा जानाका लागि 'ॐ मनि पद्मे हूँ' गरेर तपाईँको जन्म अमर लोकमा होस् भनेर मेन्डल चढाएको हो। तपाईँको मन नदुःखोस्, मान्छेको जन्म यस्तै हो जन्मेपछि मर्नु पर्छ। तपाईँ देवलोकका बुद्धलाई

[२०] १०.०५.२०२२ मा निम बस्ती निवासी अनन्त तामाङ (ताम्बा)-सित लिइएको अन्तर्वार्ताबाट

आफ्नो मनमा सम्झेर अमरलोकमा जन्म लिनु होस् भनी तपाईँका नाममा तपाईँका परिवारले यो मेन्डल चढाएका छन्।'

ताम्बाका छेउमा 'म्हा' (जुवाइँ) एउटा झोला लिएर उभिएको हुन्छ। यति भनी सकेपछि ताम्बाले उक्त मेन्डलको चामल र पैसा जुवाइँले बोकेको झोलामा हाल्छ। यसरी ताम्बामार्फत मृतकका आफन्तहरूले मृतकलाई सम्मानपूर्वक बिदा गर्दछन्।

### ४.२.२ मिनज्याङ जलाउने कार्य

घेवाको अन्तिम महत्त्वपूर्ण कार्य 'मिनज्याङ' पोल्नु हो। यसमा मृतकको नाम लेखिएको कागजको झन्डा (पुतला) बनाइन्छ र त्यसलाई तीन कुने माटाको ढिकुरामाथि गाडिन्छ। त्यहाँ घुरलाई पनि सँगै राखेर पूजा गरिन्छ। यसलाई नेपाली समाजमा नाम पोल्ने पनि भनिन्छ। यो पुतला मृतकका परिवारले 'आसेङ' (मामा) मार्फत ताम्बाका हातमा सुम्पन्छन् अनि ताम्बाले 'तम्बा ताम' (ताम्बाको कुरा) भन्दछन्-

> 'ताम्बा किङगिसे तासैनो चुचारिला रुबामि, रुङमान छयोइ
> हिदसाका जिन्दा फामादा द्लोनसै नोर्बु राङबा तासाका छोडबाङ
> लासै भाइ तामासुक हिनसाका पेटारोरी ज्हाङसी थानसै बिसम् चु
> रुइबाला चारिनि फाडिनछेन चावै लामाला छयारि प्राच्चि बिसम्
> का न्हुप देवा च्यानला सिङ खामरी साङ्गै होपामेला डुङरी
> क्यापसी पित्पामी डिनछेन चाबै लामाला छयारि फुल्मु बिसी
> मान्सी स्युबागा। सिबादै थोरी थारबा सोबादै दु छाङबा बिसी मान्सी स्युबागा।'[२१]

अर्थात् 'के गर्नु ताम्बाले पनि यो मरेको मानिसको हाडमा मन्त्र जन्त्र भए पो आफ्नो यजमानलाई दिने थियो। रुपियाँ पैसा भए यो व्यापार गर्ने थियो। तमसुक भए पो बाकसमा राख्ने थियो। यो हाड लामाका हातमा चढायो भने 'साङ्गे होपामे' (ब्रह्मा)-का लोकमा पुऱ्याइदेला भनी लामाका हातमा चढाएँ। मर्नेले मुक्ति पाउँछन् अनि बाँचेकाहरूको पनि दु:ख हराउँछन् भनी भन्न चाहन्छु।'

यसरी तम्बाका हातबाट लामाका हातमा पुत्ला दिएपछि लामाले धार्मिक विधिअनुरूप जलाउने काम गर्दछ। लामाले मिनज्याङलाई जलाएपछि घेवाको अन्त्य हुन्छ।

---

[२१] १०.०५.२०२२ मा निम बस्ती निवासी अनन्त लामा (ताम्बा)-सित लिइएको अन्तर्वार्ताबाट

## ५ निष्कर्ष

निम बस्ती क्षेत्रका तामाङहरूले प्रायः उनन्चास दिनमा घेवा गरेको पाइन्छ। त्यहाँका तामाङहरूले घेवा कार्य तीन दिने वा एक राते गर्ने चलन रहेको पाइन्छ। उनीहरूले परापूर्व कालदेखि तामाङ जातिमा प्रचलित रिमठिम, दस्तुर आदि अहिले पनि पालन गरिरहेको देखिन्छ। निम बस्ती क्षेत्रमा बसोबास गर्ने तामाङहरूले अन्य स्थानका तामाङ जातिले पालन गर्ने जातीय संस्कार-संस्कृतिहरू पालन गर्दै आए पनि कतिपय रिमठिमहरू भने आफ्नै किसिमको रहेको पाइन्छ। त्यसैले यस क्षेत्रमा प्रचलित कतिपय रिमठिमहरू अन्य क्षेत्रका तामाङहरूको रिमठिमसँग नमिल्न पनि सक्छ। हिन्दु धर्ममा झैँ तामाङ बौद्ध समाजमा प्रचलित मृतकलाई दागबत्ती दिने तथा अन्तिम संस्कारका दिन मृतकका सन्तान अनि छोराहरूले केश खौरिने दस्तुर निम बस्तीका तामाङ समाजमा प्रचलनमा रहेको पाइँदैन तर नुन तेल बार्ने दस्तुर प्रचलनमा रहेको पाइन्छ। निम बस्ती क्षेत्रका तामाङहरूको मृत्यु संस्कारबारे अध्ययन गर्दा त्यस क्षेत्रका तामाङहरूको मृत्यु संस्कारमा केही मात्रामा नेपाली पारम्परिक संस्कारको प्रभाव तथा बौद्ध लामावाद र बोनवादको सम्मिश्रण रहेको पाइन्छ।